# ऐश्वर्य बहुमुखी क्याम्पस
धनगढी, कैलाली

वार्षिक आर्थिक विवरण तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन

आर्थिक बर्ष २०८०/०८१

लेखापरीक्षक: उमेश पाण्डेय एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
कैलाली, नेपाल

ऐश्वर्य बहुमुखी क्याम्पस,
धनगढी, कैलालीका
सञ्चालक समिती सदस्यमहानुभावहरु समक्ष
आ.व. २०८०/२०८१ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**वित्तीय विवरणको लेखापरीक्षण सँग सम्बन्धित प्रतिवेदन**

**१.१. राय**

हामीले यसै साथ संलग्न **ऐश्वर्य बहुमुखी क्याम्पस,** धनगढी, कैलाली, नेपालको ३१ असाढ २०८१ (तदनुसार जुलाई १५, २०२४) को वासलात र सोही मितिमा समाप्त आर्थिक वर्षको आय-व्यय विवरण तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, हामिले पाए सम्मको सुचना एवम हामीलाई दिएको जानकारी र स्पष्टिकरणको आधारमा यस संस्थाको वित्तीय विवरण तथा सोही साथ संलग्न गरिएको प्रमुख लेखानितिहरु र लेखा सम्बन्धी टिप्पणीले, ३१ असाढ २०८१ को आर्थिक अवस्था तथा सोही मितिमा समाप्त भएको अवधिको संचालन नतिजा एंव नगद प्रवाहको समुचित तथा यर्थाथ चित्रण गर्दछ ।

**१.२. राय व्यक्त गर्ने आधार**

हामीले नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरुअनुसारको हाम्रो जिम्मेवारीलाई यसै प्रतिवेदनको **वित्तीय विवरणको लेखापरीक्षण सँग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी** खण्डमा थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हातेपुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचरणहरुको आधारमा हामी यस संस्थाबाट स्वतन्त्र छौं, र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हातेपुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पुरा गरेको छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**१.३. वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भुमिका वहन गर्नेहरुको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभुत रुपमा गलत आँकडा सहितका हुन नदिन आवश्यक पर्ने निजहरुले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी ऐश्वर्य बहुमुखी क्याम्पसको व्यवस्थापनमा रहेको छ । वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस जिम्मेवारी अन्तर्गत संस्थालाई खारेजीमा लैजाने, अन्य तरिकाले सञ्चालन बन्द गर्ने वा खारेजीमा लैजाने वा सञ्चालन बन्द गर्ने बाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तीय विवरणहरु अनवरत सञ्चालन मान्यतामा आधारीत लेखा प्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ । शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो ।

## १.४. लेखापरीक्षकको जिम्मेवारी

समग्रमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटिका कारणले गलत आँकडासहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिब आवश्यकता प्राप्त गर्नु (Obtain reasonable assurance) र लेखापरीक्षणको आधारमा हाम्रो रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्ने हाम्रो उद्येश्य रहेको छ । मनासिब आश्वासन उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमान अनुसार गरिएको लेखापरीक्षणले सारभुतरुपमा गलत वर्णन (material mis statement) भएको अवस्था, सधैं पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन । गलत वर्णन (misstatement) जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र एकल वा समष्टिमा, प्रयोगकर्ताहरुले यी वित्तीय विवरणहरुको आधारमा लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र सारभूत मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यवसायिक सन्देह कायम गरेका छौं । यस क्रममा, हामिले,

(क) जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभुत रुपमा गलत आँकडासहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जाखिमको प्रभाव अनुकुलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं । जालसाजी (fraud) मा मिलजुल, जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत प्रतिनिधित्व (wrong representation) वा आन्तरीक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले गर्दा हुने सारभुत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभुत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढी हुन्छ ।

(ख) संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षण सँग प्रासंगिक आन्तरीक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरीक नियन्त्रणको प्रभावकारीता बारे राय व्यक्त गर्ने उद्येश्य राखिएको हुँदैन ।

(ग) संस्थाको वित्तिय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको उपयुक्तता (appropriateness) र लेखा अनुमानहरुको व्यवहारिकता (reasonableness) तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं ।

(घ) व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारीत लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारीत रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभुत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभुत अनिश्चितता रहेमा व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शेयरधनीहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नु पर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मिति सम्म हामिले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारीत हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।

(ङ) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूलयाङ्कन गरेका छौं ।

(च) लेखापरीक्षकको राय व्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलाप सँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं ।

Umesh Pandey & Associates
Kailali
Nepal
Chartered Accountants

शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामिले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचरणको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं ।

**उमेश पाण्डेय एण्ड एसोसिएट्स**

चार्टर्ड एकाउन्टेन्ट्स

Umesh Pandey & Associates ★ Kailali Nepal Chartered Accountants ★

**एफसिए. उमेश राज पाण्डेय**

मिति:२०८१।०७।१२

स्थान: धनगढी, कैलाली

UDIN : 241106CA007974RH98

# ऐश्वर्य बहुमुखी क्याम्पस

धनगढी, कैलाली, नेपाल

वासलात

२०८१ आषाढ मसान्तको

| पुजी तथा दायित्व | अनुसुची | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| **कोष हिसाव** | | | |
| पूँजीकोष | १ | ९५,५६३,८१२.१२ | ८५,२५२,०५३.१७ |
| अन्य कोष हिसाब | २ | २६,१६०,०००.०० | २६,१६०,०००.०० |
| **चालु दायित्व** | | | |
| धरौटी दायित्व | ३ | ६,६६५,८५५.०० | ४,६५७,०२५.०० |
| अन्य दायित्व | ४ | ३१,९७४,६२१.१२ | ३४,३६१,३३८.२९ |
| **जम्मा** | | १६०,३६४,२८८.२४ | १५०,४३०,४१६.४६ |

| जायजेथा तथा सम्पत्ती | अनुसूची | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| नगद तथा बैंक मौज्दात | ५ | ११,१२९,५५६.९८ | १३,९२०,२७४.६७ |
| लगानी हिसाब | ६ | ५,९२६,०००.०० | ३,१६०,०००.०० |
| स्थिर सम्पत्ती | ७ | १४२,९४१,६९३.२६ | १३३,१३६,१३४.७९ |
| अन्य चालु सम्पत्ती | ८ | ३६७,०३८.०० | २१४,००७.०० |
| **जम्मा** | | १६०,३६४,२८८.२४ | १५०,४३०,४१६.४६ |

यसै मितिको संलग्न हाम्रो प्रतिबेदनका आधारमा

प्रमुख लेखा नीति तथा टिप्पणी १६

अनुसूची १ देखि ८ सम्म यस विवरणका अभिन्न अंग हुन्।

भरथरी चौधरी
लेखा अधिकृत

प्रा. धर्मदेव भट्ट
क्याम्पस प्रमुख

नृप वहादुर वड
अध्यक्ष

उमेश पाण्डेय एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
सिए. उमेश राज पाण्डेय
प्रोपराइटर

मितिः २०८१।०७।१२
स्थानः धनगढी ,कैलाली

## ऐश्वर्य बहुमुखी क्याम्पस

धनगढी, कैलाली, नेपाल

### आय व्यय विवरण

२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको

| विवरण | अनुसूची | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| **प्रत्यक्ष आम्दानी** | | | |
| शुल्क आम्दानी | ९ | ४२,७५१,२७८.०० | ३५,५८२,२२५.०० |
| **न्युन संचालन खर्च** | | | |
| कर्मचारी खर्च | १० | ४१,५६६,८५०.१० | ३६,८५९,८८४.५० |
| अन्य संचालन खर्च | ११ | ८,९२४,६२५.७५ | ५,१९२,१७३.५८ |
| **संचालन बचत** | | (७,७४०,१९७.८५) | (६,४६९,८३३.०८) |
| **अप्रत्यक्ष आम्दानी** | | | |
| अनुदान आम्दानी | १२ | ३३,५८०,०८४.९६ | ३९,३२९,५१२.१५ |
| ब्याज आम्दानी | १३ | ३७७,२४३.०४ | ३१२,७१९.३५ |
| अन्य आम्दानी | १४ | ५,४१७,८२७.११ | ३,९००,२०२.५० |
| **जम्मा** | | ३९,३७५,१५५.११ | ४३,५४२,४३४.०० |
| **अप्रत्यक्ष खर्च** | | | |
| प्रशासनिक खर्च | १५ | १४,०९६,८०५.०९ | १२,८९९,२३६.३७ |
| **ह्रास कट्टी खर्च अधिको खुद बचत** | | १७,५३८,१५२.१७ | २४,१७३,३६४.५५ |
| ह्रास कट्टी खर्च | ७ | ७,२२६,३९३.२२ | ६,४०५,५५४.४२ |
| **खुद बचत** | | १०,३११,७५८.९५ | १७,७६७,८१०.१३ |
| **वासलातमा सारेको** | | १०,३११,७५८.९५ | १७,७६७,८१०.१३ |

प्रमुख लेखा नीति तथा टिप्पणी १६

अनुसूची ९ देखि १५ सम्म यस विवरणका अभिन्न अंग हुन् ।

यसै मितिको संलग्न हाम्रो प्रतिबेदनका आधारमा

भरथरी चौधरी
लेखा अधिकृत

प्रा. धर्मदेव भट्ट
क्याम्पस प्रमुख

नृप वहादुर वड
अध्यक्ष

उमेश पाण्डेय एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
सिए. उमेश पाण्डेय
प्रोपराइटर

मिति: २०८१।०७।१२
स्थान: धनगढी ,कैलाली

# ऐश्वर्य बहुमुखी क्याम्पस

धनगढी, कैलाली, नेपाल

२०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको

## नगद प्रवाह विवरण

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| क) संचालन गतिविधिबाट नगद प्रवाह | | |
| खूद बचत | १०,३११,७५८.९५ | १७,७६७,८१०.१३ |
| समायोजन : | | |
| ह्रास कट्टा | ७,२२६,३९३.२२ | ६,४०५,५५४.४२ |
| कोषमा ब्याज आम्दानी | - | - |
| चालू दायित्व वृद्धि (कमी) | (३७७,८८७.१७) | (५०२,२९८.२६) |
| चालू सम्पत्ति कमी (वृद्धि) | (१५३,०३१.००) | (१९७,००७.००) |
| कूल संचालन गतिविधिबाट नगद प्रवाह | १७,००७,२३४.०० | २३,४७४,०५९.२९ |
| ख) लगानीको गतिविधिबाट नगद प्रवाह | | |
| दिर्घकालीन लगानी कमी (वृद्धि) | (२,७६६,०००.००) | (२,५१०,०००.००) |
| सम्पत्ति (खरीद) बिकी | (१७,०३१,९५१.६९) | (१९,३७३,०४०.५४) |
| कूल लगानी गतिविधिबाट नगद प्रवाह | (१९,७९७,९५१.६९) | (२१,८८३,०४०.५४) |
| ग) वित्तिय गतिविधिबाट नगद प्रवाह | | |
| कोषमा वृद्धि (कमी) | - | - |
| कूल वित्तिय गतिविधिबाट नगद प्रवाह | - | - |
| कूल गतिविधिबाट नगद प्रवाह (क ख ग) | (२,७९०,७१७.६९) | १,५९१,०१८.७५ |
| जोड्ने : गत वर्षको बैंक तथा नगद मौज्दात | १३,९२०,२७४.६७ | १२,३२९,२५५.९२ |
| कूल नगद तथा बैंक मौज्दात | ११,१२९,५५६.९८ | १३,९२०,२७४.६७ |

प्रमुख लेखा नीति तथा टिप्पणी

अनुसूची १ देखि १५ सम्म यस विवरणका अभिन्न अंग हुन्।



यसै मितिमा संलग्न हाम्रो प्रतिबेदनका आधारमा

भरथरी चौधरी
लेखा अधिकृत

प्रा. धर्मदेव भट्ट
क्याम्पस प्रमुख

नृप वहादुर वड
अध्यक्ष

उमेश पाण्डेय एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सिए. उमेश राज पाण्डेय
प्रोपराइटर

मितिः २०८१।०७।१२
स्थानः धनगढी ,कैलाली

# ऐश्वर्य बहुमुखी क्याम्पस

धनगढी, कैलाली, नेपाल

## आ.व. २०८०/२०८१ को वासलात संग सम्वन्धित अनुसुची

**पूँजीकोष** — अनुसूची-१

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| साधारण जगेडा कोष | | |
| गत बर्ष सम्मको | ८५,२५२,०५३.१७ | ६७,४८४,२४३.०४ |
| जोड यस बर्षको खुद बचत | १०,३११,७५८.९५ | १७,७६७,८१०.१३ |
| | - | - |
| जम्मा | ९५,५६३,८१२.१२ | ८५,२५२,०५३.१७ |

**अन्य कोष हिसाब** — अनुसूची- २

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| जग्गा मुल्याङकन कोष | २६,१६०,०००.०० | २६,१६०,०००.०० |
| जम्मा | २६,१६०,०००.०० | २६,१६०,०००.०० |

**धरौटी दायित्व** — अनुसूची -३

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| पुस्तकालय धरौटी | ६,६६५,८५५.०० | ४,६५७,०२५.०० |
| जम्मा | ६,६६५,८५५.०० | ४,६५७,०२५.०० |

**अन्य दायित्व** — अनुसूची -४

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| लेखापरीक्षण खर्च | ९४,७७५.०० | ९४,७७५.०० |
| आयकर कटी | १,२७५.०० | १,२७५.०० |
| नबिल बैंक लिमिटेड ऋण (भवन) | ३१,४१०,४८३.२२ | ३३,६२०,४७३.८८ |
| यस आ.व को चेक साटन वाकी | २४,७७५.९० | ७४,८२७.४१ |
| रिटेन्सन | ४४३,३१२.०० | ५६९,९८७.०० |
| जम्मा | ३१,९७४,६२१.१२ | ३४,३६१,३३८.२९ |

Umesh Pandey & Associates, Kailali, Nepal, Chartered Accountants

AISHWARYA MULTIPLE CAMPUS, DHANGADHI KAILALI SETI ZONE, ESTD 2053, ऐश्वर्य बहुमुखी क्याम्पस, धनगढी, कैलाली सेती अञ्चल, २०५३ स्थापित

# ऐश्वर्य बहुमुखी क्याम्पस

धनगढी, कैलाली, नेपाल

## आ.व. २०८०/२०८१ को वासलात संग सम्वन्धित अनुसुची

**नगद तथा बैंक मौज्दात** — अनुसूची -५

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| **चल्ती खाता** | | |
| कृषि बिकास बैंक लिमिटेड (०८२२५००५२३१२९०११) | २५,१७२.०० | २५,१७२.०० |
| नेपाल बैंक लिमिटेड (१३७००१००१६३२५००००01) | २,०६२,३४३.८५ | २८०,६०१.७४ |
| नेपाल बैंक लिमिटेड (१३७००१००१६३२०४००००0१) | १,००४,४४४.४० | ४,२४१,७४८.०० |
| कृषि बिकास बैंक लिमिटेड (०८२२५००५२३१२९०२८) | १८,५५०.४३ | १८,५५०.६३ |
| नेपाल बैंक लिमिटेड (१३७०१०००१६३३००००००१) | ८०३,८०७.६२ | ७३८,२७१.६८ |
| नेपाल बैंक लिमिटेड (१३७००१०७३२१९५१–१) | ३०४,७९०.२७ | २०८,८८३.१७ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड (४१७००५३२१०१) | ५,११७,२८१.२७ | ८,३६६,६८०.३१ |
| नबिल बैंक लिमिटेड (१८१०१०१७५००७५४) | १,७५६,२५६.०८ | ३,४५६.०८ |
| नबिल बैंक लिमिटेड (१८१०१०१७५००८२६) | ३६,९११.०६ | ३६,९११.०६ |
| **जम्मा** | ११,१२९,५५६.९८ | १३,९२०,२७४.६७ |

**लगानी हिसाब** — अनुसूची -६

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| **क्याम्पस मुद्दती** | ५,९१६,०००.०० | ३,१५०,०००.०० |
| नेपाल बैंक लिमिटेड(०२) | ५,२६६,०००.०० | २,५००,०००.०० |
| नेपाल बैंक लिमिटेड(०९) | ६५०,०००.०० | ६५०,०००.०० |
| **शेयर लगानी** | १०,०००.०० | १०,०००.०० |
| नवजीवन सहकारी संस्था लि.(शेयर) | १०,०००.०० | १०,०००.०० |
| **जम्मा** | ५,९२६,०००.०० | ३,१६०,०००.०० |

**अन्य चालु सम्पत्ती** — अनुसूची -८

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| **कर्मचारी पेश्की** | | |
| धर्मदेव भट्ट | ७८,०३८.०० | ११२,१४५.०० |
| वीर नारायण चौधरी | - | ५६,८६२.०० |
| कमल प्रसाद वखरीया | ४०,०००.०० | ४०,०००.०० |
| लोक वहादुर वोहरा | - | ५,०००.०० |
| श्री डवल वहादूर विष्ट | ५०,०००.०० | - |
| श्री धरम वहादूर खडका | १२,०००.०० | - |
| श्री चेतराज ओझा | २,०००.०० | - |
| श्री टेक वहादूर अधिकारी | ४०,०००.०० | - |
| श्री लिलाधर सापकोटा | ४०,०००.०० | - |
| श्री आनन्द प्रकाश जोशी | ४२,५००.०० | - |
| श्री उर्मिला विष्ट | ४२,५००.०० | - |
| श्री टीकाराम | २०,०००.०० | - |
| **जम्मा** | ३६७,०३८.०० | २१[illegible]००७.०० |

# ऐश्वर्य बहुमुखी क्याम्पस
## धनगढी, कैलाली, नेपाल
### आ.व. २०८०।०८१
### अनुसूची- ७

| समुह | ह्रासयोग्य सम्पत्ति | ह्रास दर | सुरु मौज्दात | यस आ.व. मा थप घट | | जम्मा रकम | ह्रास खर्च | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खरिद थप | अपलेखन गरिएको सम्पत्ति | | | |
| क | जगगा तथा भवन | | | | | | | |
| १ | जगगा | ०% | २६,१६०,०००.०० | - | - | २६,१६०,०००.०० | - | २६,१६०,०००.०० |
| २ | भवन ( Block) | ५% | ९३,५६३,८३१.५० | १३,०४५,२१२.९३ | - | १०६,६०९,०४४.४३ | ४,६७८,१९१.५८ | १०१,९३०,८५२.८६ |
| | | | | | | | | |
| ख | कार्यालय सामाग्री | | | | | | | |
| १ | ल्यापटप | २५% | ६७०,३८४.६९ | ६५,०००.०० | - | ७३५,३८४.६९ | १६७,५९६.१७ | ५६७,७८८.५२ |
| २ | फर्निचर | २५% | २,९८१,९४५.२८ | ८४९,२३६.०० | - | ३,८३१,१८१.२८ | ७४५,४८६.३२ | ३,०८५,६९४.९६ |
| ३ | कम्प्युटर, फ्याक्स तथा पार्ट | २५% | १,७११,२३१.५६ | १,१६२,८७१.५२ | - | २,८७४,१०३.०८ | ४२७,८०७.८९ | २,४४६,२९५.१९ |
| ४ | अन्य इलेक्ट्रोनिक सामानहरु | २५% | - | ५३,५००.०० | - | ५३,५००.०० | - | ५३,५००.०० |
| | | | | | | - | - | - |
| ग | सवारी साधन | | | | | - | - | - |
| १ | सवारी साधन | २०% | | | | - | - | - |
| घ | अन्य | | | | | - | - | - |
| १ | पुस्तक | १५% | ३,१८९,३९७.९७ | ६८२,२४७.७० | - | ३,८७१,६४५.६७ | ४७८,४०९.७० | ३,३९३,२३५.९७ |
| २ | कार्यालय सामाग्रीहरु | १५% | ३,७७१,७११.०१ | ३९३,७०५.६८ | - | ४,१६५,४१६.६९ | ५६५,७५६.६५ | ३,५९९,६६०.०४ |
| ३ | वाटर फाण्टेन | १५% | २९९,५०६.३२ | - | - | २९९,५०६.३२ | ४४,९२५.९५ | २५४,५८०.३७ |
| ४ | एयर कन्डिसन | १५% | १२२,९७८.५१ | ११०,०००.०० | - | २३२,९७८.५१ | १८,४४६.७८ | २१४,५३१.७३ |
| ५ | प्रोजेक्टर | १५% | ६६५,१४७.९५ | ६७०,१७७.८६ | - | १,३३५,३२५.८१ | ९९,७७२.१९ | १,२३५,५५३.६२ |
| | जम्मा | | १३३,१३६,१३४.७९ | १७,०३१,९५१.६९ | - | १५०,१६८,०८६.४८ | ७,२२६,३९३.२२ | १४२,९४१,६९३.२६ |

# ऐश्वर्य बहुमुखी क्याम्पस

## धनगढी, कैलाली, नेपाल

### आ.व. २०८०/२०८१ को नाफा नोक्सान संग सम्बन्धित अनुसूची

**शुल्क आम्दानी** — **अनुसूची -९**

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| शिक्षण शुल्क | २५,६८७,१२९.०० | २१,३८२,२२८.०० |
| वार्षिक शुल्क | ७,११६,६२४.०० | ३,०८४,७९०.०० |
| प्रयोगशाला शुल्क | २१,८४५.०० | १,०७१,५०१.०० |
| प्रयोगशाला शुधार शुल्क | २३१,०००.०० | २०२,५९७.०० |
| खेलकुद शुल्क | १,०५०.०० | २४५,७५५.०० |
| अतिरिक्त क्रियाकलाप शुल्क | ८७७,०००.०० | १,०१२,०४६.०० |
| वर्कशप शुल्क | ५,५००.०० | ४,३५०.०० |
| प्रवेश तथा रजिस्टेशन शुल्क | ४,८६७,४९४.०० | ४,०००,०३५.०० |
| विलम्ब शूल्क | १३,९०२.०० | ३,९१८.०० |
| पुस्तकालय शूल्क | १,५००.०० | ३५२,१२२.०० |
| परिक्षा शुल्क | १,९१८,१६०.०० | २,२०४,३४२.०० |
| स्वतन्त्र विद्यार्थी युनियन शुल्क | - | ८०,५०५.०० |
| विद्यार्थी कल्याण कोष शुल्क | १,५००.०० | ३६९,८३२.०० |
| क्याम्पस विकास कोष शुल्क | १,३००.०० | ५३८,६४८.०० |
| परिचयपत्र शूल्क | २४७,२००.०० | ३३१,३५०.०० |
| अपग्रेडिंग शुल्क | ६००.०० | २१०,३००.०० |
| त्रि.वि. सेवा शूल्क | ३०९,७९०.०० | ४२२,१७५.०० |
| अन्य शुल्क (कैलाली) | १९,०००.०० | ५२,२३१.०० |
| बिड ग्यारेन्टी | १,४१०,०००.०० | - |
| विविध आम्दानी | २०,६८४.०० | १३,५००.०० |
| **जम्मा** | ४२,७५१,२७८.०० | ३५,५८२,२२५.०० |

**कर्मचारी खर्च** — **अनुसूची -१०**

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| प्राध्यापक (मासिक तलब) | १९,७७७,६०५.०० | १८,४२७,७०१.०० |
| कर्मचारी (मासिक तलब) | ४,१७०,७५१.०० | ४,८८७,२०१.०० |
| प्राध्यापक तथा कर्मचारी (भत्ता) | १४,८२३,०८२.०० | १०,७९२,२५६.०० |
| संचय कोष खर्च | १,९८७,९९०.१० | १,९३८,५८६.५० |
| सट्टा तलव | २७५,५००.०० | ९०,६१०.०० |
| पोषाक भत्ता | ३१०,०००.०० | ३३०,०००.०० |
| घरविदा तलव (कर्मचारी) | २२१,९२२.०० | ३९३,५३०.०० |
| **जम्मा** | ४१,५६६,८५०.१० | ३६,८५९,८८४.५० |

ऐश्वर्य बहुमुखी क्याम्पस ESTD 2063 AISHWARYA MULTIPLE CAMPUS DHANGADHI KAILALI SETI ZONE धनगढी, कैलाली सेती अञ्चल २०६३ स्थापित

Umesh Pandey & Associates Kailali Nepal Chartered Accountants

# ऐश्वर्य बहुमुखी क्याम्पस
## धनगढी, कैलाली, नेपाल
### आ.व. २०८०/२०८१ को नाफा नोक्सान संग सम्बन्धित अनुसूची

**अन्य संचालन खर्च** — अनुसूची -११

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| परिक्षा खर्च | २,४६०,६८३.८३ | २,५८३,२७८.२८ |
| प्रयोगशाला खर्च | ६७८,५०९.४२ | ५४४,८७२.३० |
| परिक्षा खर्च (त्रि वि) | ८५३,७०२.५० | १,१५४,०१५.०० |
| परिक्षा खर्च(प्रवेश परिक्षा) | ३३,३३०.०० | ४०,२०८.०० |
| त्रि. बि.रजिष्ट्रेशन शुल्क | ४४३,०००.०० | ३८०,५००.०० |
| त्रि.वि.सेवा खर्च | ४५५,४००.०० | ४८९,३००.०० |
| अनुदान (ऐश्वर्य विद्या निकेतन मा.वि.) | ४,०००,०००.०० | - |
| **जम्मा** | **८,९२४,६२५.७५** | **५,१९२,१७३.५८** |

**अनुदान** — अनुसूची -१२

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| वि.वि. अनुदान आयोगबाट नियमित अनुदान प्राप्त | २,८२०,०००.०० | २,५५३,२००.०० |
| वि.वि. अनुदान आयोगबाट भवन निर्माण अनुदान प्राप्त | ९,७३९,१६४.६३ | ९,०३२,९४९.३५ |
| वि.वि. अनुदान आयोगबाट अन्य अनुदान प्राप्त | ४,११८,४३३.३३ | ८००,०००.०० |
| सामाजिक विकास मन्त्रालय (भवन) | १,९१०,९००.०० | ३,६७९,३६०.०० |
| सामाजिक विकास मन्त्रालय (रिसर्च) | ६८,३८६.०० | १,७००,०००.०० |
| ऐश्वर्य बिद्या निकेतन बाट समायोजन शिक्षकको तलब | १४,९२३,२०१.०० | २१,५६४,००२.८० |
| **जम्मा** | **३३,५८०,०८४.९६** | **३९,३२९,५१२.१५** |

**ब्याज आम्दानी** — अनुसूची -१३

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| नेपाल बैंक लिमिटेड (१९५१-१) | २१२,८००.०० | २०७,८८३.१७ |
| नेपाल बैंक लिमिटेड (०१४६०९५१।७५४) | ९८,९०७.१० | १,३८३.०७ |
| नेपाल बैंक लिमिटेड (१६३३०००००१) | ६५,५३५.९४ | १०३,४५३.११ |
| **जम्मा** | **३७७,२४३.०४** | **३१२,७१९.३५** |

ऐश्वर्य बहुमुखी क्याम्पस AISHWARYA MULTIPLE CAMPUS DHANGADHI KAILALI SETI ZONE ESTD 2063 धनगढी, कैलाली सेती अञ्चल

Umesh Pandey & Associates Kailali Nepal Chartered Accountants

# ऐश्वर्य बहुमुखी क्याम्पस
## धनगढी, कैलाली, नेपाल
### आ.व. २०८०/२०८१ को नाफा नोक्सान संग सम्बन्धित अनुसूची

**अन्य आम्दानी** **अनुसूची -१४**

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| बस भाडा | ४३२,९७२.०० | ७९०,४८७.०० |
| एडभान्स | १०७,२४०.०० | ११६,२८८.०० |
| यस आ.व को चेक साट्न बाकी | २४,७७५.९० | ३४,९७५.०० |
| यस आ.व को बैंक भाउचर बाकी | - | ३०१,५२७.०० |
| गत आ.व.को चेक साट्न वांकी | ९१,०२३.३१ | - |
| आवेदन फाराम | २८८,७२०.०० | २६६,१००.०० |
| टाईवेल्ट | १६४,९४०.०० | १३८,२४०.०० |
| स्थानान्तरण प्रमाणपत्र | ६८,०६५.०० | ५७,०००.०० |
| मसलन्द | १,५००.०० | ३६६,८६२.०० |
| डाफट प्राप्त (त्रि.वि.) | १,५३७,१०१.०० | १,०२२,८२७.५० |
| ड्राफ्ट प्राप्त (स्व.वि.यु.) | १०,०००.०० | - |
| ड्राफ्ट प्राप्त (क्रिकेट) | ७५,०००.०० | - |
| क्यान्टीन भाडा | ९,०००.०० | - |
| विद्यूत (क्यान्टीन) | ३,९००.०० | - |
| वेलकम (स्व.वि.यू.) | - | ६००.०० |
| फेयरवेल | - | १००.०० |
| त्रि. वि. रजिस्टेसन | ४३४,६९५.०० | ३७०,९९०.०० |
| सरस्वति पुजा | - | ४००.०० |
| प्रोजेक्ट वर्क | १८२,६४५.०० | १८२,७५०.०० |
| दरभाउपत्र बिक्री | ५८,०००.०० | ८१,०००.०० |
| छात्रवृत्ति फाराम | १५,२७०.०० | ८,२८०.०० |
| एकाउन्ट टेली तालिम | - | ९०,३८६.०० |
| रेमिडियल कक्षा सञ्चालन | ६२,७००.०० | - |
| शिक्षक आवेदन फारम | - | १,०००.०० |
| कक्षा कोठा भाडा | ३७,८१२.४० | १८,७९०.०० |
| छात्रावृत्ति शूल्क | ५८,६६७.५० | - |
| भवनको किस्ता र व्याज आम्दानी | १,७४९,८००.०० | - |
| कवाड विक्री | ४,०००.०० | ५,५००.०० |
| स्वतन्त्र विद्यार्थी युनियन चुनाव | - | ४६,१००.०० |
| यस आ.व.मा पेश्की असुली | - | - |
| **जम्मा** | **५,४१७,८२७.११** | **३,९००,२०२.५०** |

ऐश्वर्य बहुमुखी क्याम्पस धनगढी, कैलाली सेती अञ्चल ESTD 2063 AISHWARYA MULTIPLE CAMPUS DHANGADHI KAILALI SETI ZONE

Umesh Pandey & Associates Kailali Nepal Chartered Accountants

# ऐश्वर्य बहुमुखी क्याम्पस

## धनगढी, कैलाली, नेपाल

### आ.व. २०८०/२०८१ को नाफा नोक्सान संग सम्बन्धित अनुसूची

**प्रशासनिक खर्च** — **अनुसूची -१५**

| विवरण | यस वर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|
| विद्युत महसुल | २७०,३६५.७८ | २२४,५८४.४२ |
| एकाउन्ट टेली खर्च | - | ९०,४००.०० |
| पत्रपत्रिका खर्च | २९,५००.०० | १६,८६०.०० |
| विज्ञापन खर्च | २४८,५७२.५० | ३६५,३३४.७४ |
| संचार महसुल | २५,०५०.०० | २०,८००.०० |
| मसलन्द खर्च | ५६५,७०२.१७ | ५९९,१९३.२० |
| इन्धन खर्च | १९,२३३.०० | ३१,४३२.२६ |
| मर्मत तथा सम्भार खर्च | १६३,४६७.१० | ३३१,५३८.६३ |
| मर्मत तथा सम्भार (कम्प्युटर) | ४९,२००.०० | ६९,६९८.८० |
| मर्मत तथा सम्भार (फर्नीचर) | ४,०००.०० | - |
| मर्मत तथा सम्भार (बिद्युत) | ६०,६८०.०० | ५९,०७२.०० |
| दैनिक भ्रमण भत्ता खर्च | ३९६,३००.०० | ५६७,४००.०० |
| भैपरी आउने खर्च | ६१८,८३३.५२ | ६३१,२६९.४१ |
| खेलकुद खर्च | ७६०,०३७.९८ | ४०७,१७४.३० |
| अन्तिम लेखा परिक्षण खर्च | ९६,०५०.०० | ९६,०५०.०० |
| पुरस्कार खर्च | ४२,५४९.९० | १६,९२०.०० |
| अतिरिक्त कियाकलाप खर्च | १८०,०७०.०० | १९५,५१०.०० |
| स्वतन्त्र विद्यार्थी युनियन खर्च | २०,०००.०० | २४७,२००.०० |
| इन्टरनेट खर्च | ५५,५९७.९८ | ४०,०५०.०० |
| शुल्क फिर्ता | ३१,११३.०० | ५१,८६१.०० |
| नविकरण खर्च (त्रि.वि) | २६,०००.०० | ४४,०००.०० |
| ड्राफट फिर्ता | - | ६८,०००.०० |
| वेवसाइट नविकरण खर्च | ३०,७५०.०० | ११,३००.०० |
| विघार्थी प्रोफईल डेभलपमेन्ट खर्च | - | ५,६५०.०० |
| वैठक भत्ता खर्च | ९९,०००.०० | १५७,५००.०० |
| टाई खरीद खर्च | ६७,७००.०० | ६३,५४५.५५ |
| स्वतन्त्र विद्यार्थी युनियन चुनाव खर्च | - | २२७,२३०.०० |
| प्रोजेक्ट खर्च | १३७,७२०.०० | १९०,५००.०० |
| चाडपर्व खर्च | १,६८०,९०५.०० | १,७५७,१३८.०० |
| सरस्वति पुजा खर्च | ५८,५६२.७० | ३१,०६५.०० |
| पाठशाला सफटवेयर नविकरण खर्च | ९४,५८०.०० | ३३,९००.०० |
| ब्याज खर्च (भवन) | ४,७८९,२०९.३४ | ४,३६८,४३९.७४ |
| क्याम्पस वर्गीकरण खर्च | ८,००५.०० | - |
| गेस्ट लेखचर खर्च | - | २०,९००.०० |
| परीचयपत्र खर्च | ८३,६५०.०० | ९४,७६०.०० |
| बैंक कमिशन खर्च | १,२६५.०० | २,६०९.०० |
| वर्कसप खर्च | - | १७८,७४९.०९ |
| आर.एम.सी खर्च | २२५,९९९.३६ | २४४,६४०.०० |
| ए.म.सी जर्नल खर्च | २७,४७३.०० | |
| जलपान तथा अतिथि सत्कार | १९,२१०.०० | - |

## ऐश्वर्य बहुमुखी क्याम्पस
### धनगढी, कैलाली, नेपाल
आ.व. २०८०/२०८१ को नाफा नोक्सान संग सम्बन्धित अनुसूची

| | | |
|---|---|---|
| वेलकम खर्च | - | ५५,५५५.०० |
| सी.सी.क्यामरा मर्मत खर्च | १०३,५५०.८९ | - |
| गत आ.व.को फोन पे पेन्डिङ भौचर | ११८,८५४.५० | - |
| जेनरेटर मर्मत खर्च | ७,०००.०० | ६३,६९३.८२ |
| हेल्थ युनिट खर्च | ६१,५००.०० | १२,८००.०० |
| रेमिडियल कक्षा खर्च | ९०,०००.०० | १०,८८३.०० |
| बिमा खर्च (भवन) | ९६,६३५.०० | ६८,६६७.०० |
| LOI रजिष्ट्रेशन खर्च | २,०००.०० | - |
| विड धरौटी फिर्ता | १,४१०,०००.०० | - |
| वर्कसप (डीन कार्यालय) खर्च | १५,०००.०० | - |
| शिक्षक छनौट खर्च | १४१,३७२.०० | - |
| ड्राफ्ट प्राप्त (स्व.वि.यु.) | १०,०००.०० | - |
| ड्राफ्ट प्राप्त (क्रिकेट) | ७५,०००.०० | - |
| कन्सलटेन्सी खर्च | ३३७,६५६.८९ | ५६,५००.०० |
| डकुमेन्टेशन खर्च | १२०,०००.०० | २०५,०००.०० |
| बस मर्मत खर्च | ९२,५६०.४८ | २४,८६०.०० |
| सवारी कर | ३०,८००.०० | ३०,८००.०० |
| वीमा (वस) | ६१,३३९.०० | ६४,२४८.४१ |
| विड डकुमेन्टेशन खर्च | २८,५६०.०० | १०४,८८६.०० |
| ईक्युटी खर्च | ८७,४१६.०० | १०,६९०.०० |
| फेयरवेल खर्च | - | ५,०००.०० |
| आउटरिच खर्च | ४६,२०६.०० | २५,१५०.०० |
| भिजिटिङ प्रोफेसर खर्च | ५०,२९८.०० | - |
| नन क्रेडिट क्लास खर्च | २,७७०.०० | - |
| फिल्ड भिजिट खर्च | २७,८८१.०० | - |
| पब्लिक क्याम्पस महाधिवेशन खर्च | - | ६५,०००.०० |
| पब्लिक क्याम्पस इण्टी फी खर्च | - | ९,५००.०० |
| प्रोभिजनल सम खर्च | - | ३१०,०००.०० |
| नक्सा पास खर्च | ९४,०८३.०० | १७५,२५४.०० |
| गत आ.व.को चेक भुक्तानी | - | ३८,४७४.०० |
| **जम्मा** | **१४,०९६,८०५.०९** | **१२,८९९,२३६.३७** |

Umesh Pandey & Associates Chartered Accountants Kailali Nepal

ऐश्वर्य बहुमुखी क्याम्पस AISHWARYA MULTIPLE CAMPUS DHANGADHI KAILALI SETI ZONE ESTD 2052 धनगढी, कैलाली सेती अञ्चल

ऐश्वर्य बहुमुखी क्याम्पस

धनगढी, कैलाली

आर्थिक वर्ष २०८०/०८१

अनुसूची – १६

प्रमुख लेखानीति तथा लेखा सम्बन्धि टिप्पणीहरु

क. प्रमुख लेखानीतिहरु (Accounting Principles):

१. संस्थाको वित्तीय कारोबारहरुको लेखा सम्भव भएसम्म नेपाल लेखामान र लेखाको सर्वमान्य सिद्धान्त(GAAP)को आधारमा राखिएको छ ।

२. संस्थाको आम्दानी नगद(Cash Basis)तथा खर्चको हिसाब प्रोदभावी(Accrual Basis)आधारमा राखिएको छ । आ. ब. २०८०/२०८१ संग सम्बन्धीत खर्चहरुको भुक्तानी आ. ब. २०८१।८२ मा भएता पनि आ.ब. २०८०/२०८१ मा खर्च ब्यवस्था नगरी भुक्तानीको आधारमा खर्च लेखांकन गरिएको छ ।

३. संस्थाले स्थिर सम्पत्तीहरु ऐतिहासिक लागत अवधारणाको आधारमा लेखांकन गरिएको छ । लगानीलाई परल मूल्यको आधारमा लेखाङकन गर्ने नीती रहेको छ ।

४. स्थिर सम्पत्तिहरुमा आयकर ऐनले तोके बमोजिमको दर प्रयोग गरी ह्रास कट्टी गर्ने नीति रहेको छ ।स्थीर सम्पत्तीको सुरु मौज्दातमा मात्र चालु आ. व. मा ह्रास कट्टी गर्ने र यस आ. ब. मा खरिद गरिएका स्थिर सम्पत्तीमा आउने आ. ब.मा मात्र ह्रास कट्टी गर्ने गरिएको छ ।

ख. लेखा सम्बन्धि टिप्पणी तथा सूझावहरु :

१. संस्था कर छुट प्राप्त संस्था भएकाले आयकरको ब्यवस्था गरिएको छैन ।क्याम्पसले स्थायी लेखा नम्बर ( PAN) तथा कर छुट प्रमाणपत्र लिईसकेको छ । क्याम्पसले अग्रिम कर कट्टी गर्नको लागि भुक्तानीकर्ताको स्थायी लेखा नम्बर २०१३४१९३९ लिएको छ ।

२. संस्थाले चालु आर्थिक बर्षमा नियमित अनुदान रु २,८२०,०००।००, भवन निर्माण अनुदान रु ९,७३९,१६४।६३ र अन्य अनुदान रु ४,११८,४३३।३३ विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त गरेको छ ।संस्थाले सामाजिक बिकास मन्त्रालय बाट अनुदान रु १,९१०,९००।०० भवन निर्माण र रु ६८,३८६।०० ल्याव तथा रिसर्चको लागी प्राप्त गरेको छ ।

Umesh Pandey & Associates Kailali Nepal Chartered Accountants

ऐश्वर्य बहुमुखी क्याम्पस AISHWARYA MULTIPLE CAMPUS DHANGADHI KAILALI SETI ZONE ESTD 2063 धनगढी, कैलाली सेती अञ्चल २०६३ स्थापित

३. अघिल्लो आर्थिक वर्षको रकमलाई आवश्यकता अनुसार पुर्नःसंरचना तथा पुर्नःवर्गीकरण गरिएको छ ।

अनुसूची १ देखि १६ सम्म यस विवरणका अभिन्न अंग हुन् ।

| | | | |
|---|---|---|---|
| भरथरी चौधरी | प्रा. धर्मदेव भट्ट | नृप बहादुर वड | सिए. उमेश राज पाण्डेय |
| **लेखा अधिकृत** | **क्याम्पस प्रमुख** | **अध्यक्ष** | **प्रोपराइटर** |
| | | | **उमेश पाण्डेय एण्ड एसोसिएट्स** |
| | | | **चार्टर्ड एकाउन्टेन्ट्स** |

मिति:२०८१।०७।१२
स्थान: धनगढी, कैलाली

**UMESH PANDEY**
**& ASSOCIATES**
CHARTERED ACCOUNTANTS

Firm Reg. No. 813
COP No. 918
VAT: 608943608

मिति : २०८१।०७।१०

श्रीमान् अध्यक्ष ज्यू,
ऐश्वर्य बहुमुखी क्याम्पस,
धनगढी, कैलाली, नेपाल,

**विषय : आ.व. २०८०/२०८१ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको बारेमा ।**

महोदय,

आ.ब. २०८०/०८१ को लेखापरीक्षण सम्पन्न गरी संचालक समितिको आवश्यक जानकारी, समर्थन तथा प्रतिकृयार्थ प्रारम्भिक लेखापरीक्षण प्रतिबेदन यसैसाथ पेश गरेका छौं ।

लेखापरीक्षणको क्रममा आवश्यक ठानिएका हिसावहरु समायोजन गराइएको छ ।

यस प्रतिवेदनमाथि प्रतिकृया एवम् संचालक समितिबाट विधिवत् रुपमा पारित गरिएको, वासलात, आय व्यय विवरण तथा नगद प्रवाह विवरण प्राप्त हुन आएपछि अन्तिम प्रतिबेदन पेश हुने छ ।

लेखापरीक्षण साधारणतया स्वीकृत सिद्धान्त अनुसार छड्के परीक्षण (Test Check) मा आधारित छ ।

लेखापरीक्षणको क्रममा सम्बन्धित सबै अधिकारीहरु एवम् कर्मचारीहरुबाट सहयोगको लागि धन्यवाद ज्ञापन गर्दछौं ।

सधन्यबाद ।

भवदीय

**सिए. उमेश राज पाण्डेय**
**उमेश पाण्डेय एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउन्टेन्टस

| सि.नं. | व्यहोरा | सुझाव | व्यवस्थापनको राय |
| --- | --- | --- | --- |
| १. | **स्थिर सम्पत्तिमा ह्रास कट्टी सम्बन्धमा:** हाल संस्थाद्वारा स्थिर सम्पत्तिको सुरु मौज्दात (Opening Balance) मा मात्र ह्रास कट्टी गरिदै आएको र सो आ.व. भरिमा खरिद गरिएको स्थिर सम्पत्तिमा ह्रास कट्टी गरिएको छैन । ह्रास कट्टी गर्नुको औचित्य स्थिर सम्पत्तिको प्रयोगबाट सो स्थिर सम्पत्तिको मूल्यमा आउने कमिको कारण हो । कुनै आ.व. मा खरिद गरिएको स्थिर सम्पत्ति सो आ.व.मा पूर्ण अथवा आंशिक रुपमा प्रयोग हुने हुंदा ह्रास कट्टी गर्नुपर्ने हुन्छ । | संस्थालाई स्थिर सम्पत्तिमा नेपाल आयकर ऐन २०५८ अनुरुप स्थिर सम्पत्ति खरिद भएको समयावधीको आधारमा ह्रास कट्टी गर्न अथवा अन्य प्रचलित पद्धति अनुरुप ह्रास कट्टी गर्न सुझाव दिइन्छ । | |
| २. | **संस्थाको लेखाफाँटमा कर्मचारी अपुग भएको सम्बन्धमा:** संस्थाको कारोबार तथा कामको चापलाई हेर्दा हाल भएका २ जना कर्मचारी अपुग भएको महसुस भएको छ । कामको चापलाई सहि ढंगले व्यवस्थापन गर्नसक्ने मानव स्रोत नहुँदा गल्ती हुने प्रशस्त सम्भावना हुनुका साथै लेखा अध्यावधिक गर्नमा समस्या हुने हुन्छ । | हाम्रो लेखापरीक्षणको क्रममा संस्थाको कारोबार तथा कामको चापलाई मध्यनजर गरी हेर्दा कम्तीमा १ जना थप कर्मचारी आवश्यक देखिन्छ । एक जना कर्मचारी ऐश्वर्य बहुमुखी क्याम्पसको Accounting entry / Report बनाउन । | |
| ३. | कर कट्टी सम्बन्धी : १.भौचर नं. ०७ २०८०/०४/०६ गते मर्मत सम्भार खर्च अर्न्तगत क्यारी निर्माण बाफत भएको ज्याला खर्च रु ४,००० भुक्तानी गर्दा कर कट्टी नगरी भुक्तानी गरेको पाइयो ।<br><br>२.अतिरिक्त पारिश्रमिक अर्न्तगत भएको खर्च ( सट्टा तलब) भुक्तानी गर्दा कर कट्टी नगरेको पाइयो जस्तै :भौचर नं. २२४ मा नरेन्द्र राज पनेरु लाइ भुक्तानी गरेको रु २,४३७<br><br>३. खेलकुद खर्च शिर्षक अर्न्तगत वार्षिकोत्सव तथा अभिभावक दिवस समाहरोहका प्रमुख अतिथि को गाडी भाडामा लिए बाफत मनिराम चौधरीलाइ रु १५,००० भुक्तानी गर्दा कर कट्टी नगरी भुक्तानी गरेको । | सम्बन्धित व्यक्तिबाट असुल उपर गर्नु पर्दछ । | |

Umesh Pandey & Associates ★ Kailali Nepal ★ Chartered Accountants

| | | | |
|---|---|---|---|
| | बोर्डिङ्ग पास नभएको : भौचर नं. ३६४ र ३६५, २०८१/११/०३ मा लिलाधर सापकोटा को काठमान्डौ – धनगढी र रघुबीर भट्टको धनगढी – काठमान्डौ प्लेन टिकेट को बोर्डिङ्ग पास नभएको रु ७९००*२ = १५८०० | | |